आ.ब.२०८०/८१ को बाह्रौं कार्यपालिका बैठक

चैत्र २९, २०८०

आज मिति २०८० चैत्र २९ गते बुधवारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.व. २०८०/८१ को बाह्रौं बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर | कै. |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शेर बहादुर बि.सी. | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स. | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स. | श्री सायरा परियार | | |
| १७ | न.का.स. | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स. | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स. | श्री शान्ता राई | | |
| २० | न.का.स. | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स. | श्री सरिता घले | | |
| २२ | न.का.स. | श्री वच्चुराज वस्याल | | |

CamScanner

आ.ब.२०८०/८१ को बाह्रौं कार्यपालिका बैठक

चैत्र २९, २०८०

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्वन्धमा | अघिल्लो नगर कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समिक्षा गरियो । |
| २ | संगठन तथा व्यवस्थापन सर्वेक्षण, २०८० स्वीकृत सम्वन्धमा | टोखा नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण, २०८० को अन्तिम प्रतिवेदन स्वीकृत गर्ने । |
| ३ | आगामी नगरसभा सम्वन्धमा | टोखा नगरपालिका नगरसभाको १५ औं अधिवेशनको तयारीमा संलग्न कार्यतालिका अनुसार जुट्न सम्पूर्ण जनप्रतिनिधिहरु, बिषयगत समिति, शाखा तथा वडा कार्यालयहरुलाई निर्देशन दिने । |
| ४ | अघिल्लो कार्यपालिका बैठकको निर्णय संशोधन सम्वन्धमा । | टोखा नगरपालिका नगरकार्यपालिकाको मिति २०८० श्रावण २५ गतेको बैठकबाट नगरपालिकाबाट उपभोक्ता समिति/ टोल विकास संस्था मार्फत सम्झौता गरी कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रमहरुको भुक्तानी गर्दा पेश भएका बिलहरु मध्ये रु. १ लाख भन्दा बढीको बिलहरुको हकमा कर बिजक जारी गर्ने संस्थाको नाममा सोझै भुक्तानी गर्ने, बैंकिङ्ग प्रणाली मार्फत भुक्तानी गरी खरिद गरेको प्रमाण पेश गरेको कर बिजकको हकमा उपभोक्ता समिति/ टोल बिकास संस्थालाई नै भुक्तानी गर्ने निर्णय भएकोमा उक्त निर्णयलाई संशोधन गरी १० लाख भन्दा बढीमा विलहरुको हकमा सम्वन्धित बिजक जारी गर्ने संस्थाको नाममा सोझै भुक्तानी गर्ने सो भन्दा कम रकमका बिलहरुको हकमा जुन संस्था/ समितिसंग सम्झौता भएको हो, सोहि संस्था/ समितिलाई नगरपालिकाबाट भुक्तानी हुनपर्ने रकम भुक्तानी गर्ने । |
| ५ | पुल निर्माणको स्थल परिवर्तन सम्वन्धमा | टोखा नगरपालिका र तारकेश्वर नगरपालिकाको लागत साझेदारीमा टोखा नगरपालिका वडा नं.९ र तारकेश्वर नगरपालिका वडा नं. ११ जोड्ने मोटरेवल पुल तारकेश्वर नगरपालिकाबाट निर्मित विस्तृत परियोजना प्रतिवेदनको आधारमा निर्माणको लागि ठेक्का सम्झौता ( 05/NCB/TM/W/2080-81) भई कार्यान्वयनको क्रममा विस्तृत परियोजना प्रतिवेदन अनुसार पुल निर्माण स्थल अन्तर्गत तारकेश्वर ११ जोडिने भागमा ब्यक्तिगत जग्गा पर्ने देखिएकोले फिल्डको अवस्था र आवश्यकता अनुसार उक्त ब्यक्तिगत जग्गा नपर्ने गरी तथा तारकेश्वर नगरपालिका तर्फ करिडोर भागको सिधा हुने गरी टोखा नगरपालिका वडा नं. ९ को भागमा पर्ने विस्तृत परियोजना प्रतिवेदनमा उल्लेखित पुलको Center Line भन्दा करिब १३.३८ मिटर दक्षिण तर्फ पुल निर्माण हुने गरी आयोजना स्थल एवं साविकको DPR मा संशोधन गरी सोहि संशोधित स्थानमा सम्झौता बमोजिमको पुल निर्माण कार्य अघि बढाउन अनुमति दिने ।साथै सो सम्वन्धमा तारकेश्वर नगरपालिकासंग समन्वय गरी साईट परिवर्तन, DPR संशोधनको निर्णयका लागि तारकेश्वर नगरपालिकालाई पत्राचार गर्ने । |
| ६ | आयोजनाको | १. वडा नं. ३ स्थित भत्केकोपुल देखि भिल्ली पञ्चेटार हुदै बखुन्डोल निस्कने सडक स्तरोन्नती |

CamScanner

| क्र. सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | भेरिएसन सम्वन्धमा | (ठेक्का नं. 09/NCB/TM/W/2080-81) को लागि टोखा नगरपालिका र warrior builders Pvt.Ltd., Tokha- 2 बीच सम्झौता भई कार्य भईरहेकोमा फिल्डको आवश्यकता र स्थानीयहरुको मागको आधारमा सम्झौताका बखतको BOQ मा उल्लेखित ITEM को Quantity मा थप काम गर्नु पर्ने )Quantity V.O. तथा (BOQ मा उल्लेख नभएको ITEM को समेत काम गर्नु पर्ने (ITEM V.O. देखिएकोले (ITEM V.O. को हकमा निर्माण व्यवसायी संग ठेक्का सम्झौता हुदाँका बखत लागत अनुमानमा घटी प्रतिशत तथा Quantity V.O. को हकमा निर्माण व्यवसायीले पेश गरेको BOQ मा उल्लेखित दर बमोजिम गर्ने गरी Item V.O र Quantity V.O. गरी भ्याट सहित रु ५४७०१०/८८ (५.९५%) बढीको भेरियसन स्वीकृत गरी सम्वन्धित निर्माण व्यावसायीलाई भेरियसन आदेश जारी गर्ने ।<br>२. वडा नं. ७ स्थित टोखा नगरपालिकाको प्रशासनीक कार्यालय, नगरपालिका अगाडिको सडक स्तरोन्नती एवं प्रवेश गेट निर्माण ( ठेक्का नं. 15/NCB/TM/W/2080-81) टोखा नगरपालिका र specs Nepal Pvt.Ltd, Tokha-8, kathmandu बीच सम्झौता भई कार्य भईरहेकोमा साविकमा जमिन मुनीको ढल Np3 Type Hume Pipe तथा खानेपानीको पाईप 50 मिटर थप विस्तार गर्नु पर्ने भएकोले र पहिले सडक कालोपत्रे मुनि Base Course को thickness कमी रहेको र माटो मिक्स भई हाल प्रयोग गर्न प्राविधिक रुपले नमिल्ने हुदाँ Sub Base Course को परिमाण थप गर्नु पर्ने भएकोलले स्थानीयहरुको माग तथा आवश्यकताको आधारमा सम्झौताका बखतको BOQ मा उल्लेख नभएको ITEM को समेत काम गर्नु पर्ने (ITEM V.O. ( देखिएकोलेITEM V.O. को हकमा निर्माण व्यवसायी संग ठेक्का सम्झौता हुदाँका बखत लागत अनुमानमा घटी प्रतिशत (२२.०८%) र बाँकी अन्यमा ३२.४१% कमी दररेट ( Below rate as per Bid Price) रु ४२६०३९.३३) (भ्याट सहित ) ४.९२%) बढीको भेरियसन स्वीकृत गरी सम्वन्धित निर्माण व्यावसायीलाई भेरियसन आदेश जारी गर्ने । साथै उक्त भेरिएसन भएको थप रकम चौधौं नगरसभाको सि.नं. ४८ मा विनियोजित रकम मध्येबाट भुक्तानी उपलव्ध गराउने । |
| ७ | ग्राण्डी पछाडि पुल निर्माणको लागि स्थल छनौट सम्वन्धमा | टोखा नगरपालिका वडा नं. ६ र ३ जोड्ने ग्राण्डी अस्पताल पछाडीको विष्णुमति खोलामा मोटरेवल पुल निर्माणको लागि उपयुक्त स्थान पहिचान गरी सिफरिस गर्न तपशिल बमोजिमको समिति गठन गर्ने ।<br>तपशिल<br>संयोजक — श्री धर्मेन्द्र श्रेष्ठ ( वडाध्यक्ष वडा नं. ४)<br>सदस्य - श्री रमेश डंगोल ( वडाध्यक्ष वडा नं. ३)<br>सदस्य — श्री शान्ता खनाल पौडेल ( वडाध्यक्ष वडा नं. ६)<br>सदस्य सचिव- श्री बिजेन्द्र श्रेष्ठ (नक्साशाखा प्रमुख) |
| ८ | व्यावसाय दर्ता अभियान सञ्चालनका लागि आवश्यक बजेट व्यवस्थापन | टोखा नगरपालिकाको व्यवसाय दर्ता, नविकरण, अभिलेखिकरण )अद्यावधिक (तथा अभियान सञ्चालन निर्देशिका, २०८०" बमोजिम मिति २०८० चैत्र २८ गते देखि संचालन भएको व्यवसाय दर्ता अभियानका क्रममा लाग्ने सम्पूर्ण खर्च तेह्रौं नगरसभाबाट स्वीकृत सि.नं. २०६ मा विनियोजित रकम मध्येबाट व्यहोर्ने । |

CamScanner

| क्र. सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | सम्वन्धमा | |
| ९ | रकमान्तर सम्वन्धमा । | नगरसभाको तेह्रौं अधिवेशनबाट खर्च शिर्षक नं. २११३५ (कर्मचारी प्रोत्साहन तथा पुरस्कार) मा विनियोजित रकम मध्येबाट खर्च शिर्षक नं. २६४११ ( सरकारी निकाय,समिति एवं वोर्डहरुलाई निशर्त चालु अनुदान) मा रु १५ लाख तथा खर्च शिर्षक नं. २२१११( पानी तथा विजुली) मा रु १० लाख रकमान्तर गर्ने । |
| १० | सडक बत्ती जडान सम्वन्धमा । | नेपाल विद्युत प्राधिकरणबाट मिति २०८० चैत्र १६ मा गोरखापत्रमा प्रकाशित सडक बत्तीको व्यवस्थित उपयोग तथा सो को महशुल भुक्तानी सम्वन्धी सूचनाको ब्यहोरा अवगत भयो । सो सम्वन्धमा प्रचलित कानुन बमोजिम रित पूर्बक ग्राहक बनी मिटर जडान गर्ने तथा बक्यौता महशुल तिर्ने प्रकृया क्रमशः अगाडि बढाउने गरी नगरबासीको सेवा र सुविधाको लागि अत्यावश्यक भएकोले हाललाई नगरसभा/ कार्यपालिकाबाट स्वीकृत सडकबत्ती जडान सम्वन्धी आयोजना/ कार्यक्रमहरु कार्यान्वयन प्रकृया अगाडि बढाउने । यथार्थ वक्यौता रकम एकीन गरी वक्यौता विद्युत महशुल मध्ये जरिवाना रकम भुक्तानी नहुने गरी हाललाई रु . १० लाख खर्च शिर्षक नं. २२१११ ( पानी तथा विजुली) मा विनियोजित रकम मध्येबाट भुक्तानी गर्ने । |
| ११ | मेलमिलाप कार्यविधि संसोधन सम्वन्धमा | टोखा नगरपालिका मेलमिलाप केन्द्र संचालन सम्वन्धी कार्यविधि, २०७९ मा संलग्न भए बमोजिम संशोधन गर्ने । |
| १२ | "टोखा नगरपालिकाको व्यवसाय दर्ता, नविकरण, अभिलेखिकरण )अद्यावधिक (तथा अभियान सञ्चालन निर्देशिका, २०८० मा सदस्य थप गर्ने | "टोखा नगरपालिकाको व्यवसाय दर्ता, नविकरण, अभिलेखिकरण (अद्यावधिक) तथा अभियान सञ्चालन निर्देशिका, २०८०" को दफा १२ मा उल्लेखित निर्देशक समिति तथा नगरस्तरीय सुपरिवेक्षण समितिमा तपशिल बमोजिमलाई सदस्य तोक्ने ।<br>क. निर्देशक समिति<br>१. श्री रामभक्त घिमिरे वडा नं. ९<br>२. श्री रमेश डंगोल वडा नं. ३<br>३. श्री शान्ता खनाल पौडेल वडा नं. ६<br>ख. नगरस्तरीय सुपरीवेक्षण समिति<br>१. श्री शान्ता राई<br>२. श्री सुनिता श्रेष्ठ परियार नेपाली<br>३. श्री प्रेम कुमार सुनुवार<br>ऐ. निर्देशिकाको दफा १३ मा उल्लेखित फिल्ड टोलीका सदस्यहरुको सेवा सुविधा सम्वन्धी ब्यवस्थाका अतिरिक्त ईन्टरनेट खर्च वापत प्रति ट्याव रु २०००/- प्रति महिना उपलब्ध गराउने । |
| १३ | नगर प्रहरीको ज्याकेट पारित गर्ने / मेलमिलाप कर्ताको लागि ज्याकेट निर्माण गर्ने सम्वन्धमा | १. टोखा नगरपालिकामा नगर प्रहरी वल गठन तथा संचालन सम्वन्धी कार्यविधि, २०७९ को दफा ३१ बमोजिम टोखा नगरपालिकामा कार्यरत नगरप्रहरीहरुलाई हाईलाईट ज्याकेट ( हाफ तथा फुल) थप गरी उपलब्ध गराउने ।<br>२. मेलमिलाप कर्ताहरुको चिनारीको लागि टोखा नगरपालिका मेलमिलाप कर्ता लेखिएको हाईलाईट ज्याकेट उपलब्ध गराउने । |
| १४ | वर्कसप/ Washing | टोखा नगरपालिका भित्र संचालन हुने वर्कसप/ Washing Center संचालन सम्वन्धी मापदण्ड, |

CamScanner

<table>
<tr><th>क्र. सं.</th><th>प्रस्ताव</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td></td><td>Center संचालन सम्वन्धी मापदण्ड निर्माण सम्वन्धमा</td><td>२०८० स्वीकृत गर्ने ।</td></tr>
<tr><td>१५</td><td>नगरपालिका कार्यालयको Help Desk निर्माण/ हल पार्टेसनको लागि बजेटको व्यवस्थापन सम्वन्धमा</td><td>टोखा नगरपालिकाको प्रशासनीक भवनको भुई तल्लामा Help Desk निर्माण तथा हल पार्टेशन, नगर प्रमुख तथा उपप्रमुखको कार्यकक्ष डेकोरेशन तथा नगर खेलकुद् विकास समितिको सचिवालय व्यवस्थापनको लागि तेहौं नगरसभाको सि.नं. २१८ मा विनियोजित रकम मध्येबाट खर्च गर्ने गरी नगरपालिका प्रशासनलाई कार्य प्रकृया अगाडि बढाउन निर्देशन दिने ।</td></tr>
<tr><td>१६</td><td>टोखा विष्काः जात्रा २०८१ को Live Talecast एवं मन्दिर परिषर व्यूटिफिकेशन सम्वन्धमा ।</td><td>१. टोखा नगरपालिका वडा वडा नं. २ र ३ मा नयाँ वर्षको अवसरमा संचालन हुने टोखा विष्काः जात्रा २०८१ को अवसरमा सम्माननीय राष्ट्रपती रामचन्द्र पौडेलद्वारा सपनतिर्थ मन्दिर, जवित देवी कुमारी तथा गणेशको पुजा अर्जनाका साथै जात्रा अवलोकनमा सरिक हुने हुदाँ उक्त कार्यक्रमको प्रत्यक्ष प्रशारण )Live telecast ) को लागि २२३१५ मा विनियोजित रकम मध्येबाट अधिकतम् रु १ लाख विनियोजन गरी कार्य सम्पादन पश्चात भुक्तानी उपलब्ध गराउने ।<br>२. टोखा नगरपालिका वडा नं.२ स्थित सपनतिर्थ मन्दिर परिषरमा दुबो राख्ने तथा व्यूटिफिकेशन लगायतका कार्यको लागि मर्मत संभार शिर्षकबाट अधिकतम् रु १ लाख विनियोजन गरी अविलम्व कार्य गराउने ।</td></tr>
<tr><td>१७</td><td>वडा नं. १ को सावुन उद्योग मेसिन खरिदको उद्योगको नाम संशोधन सम्वन्धमा</td><td>टोखा नगरपालिका नगर कार्यपालिकाको मिति २०८० फागुन ३० को बैठकबाट लागत साझेदारीमा साबुन वनाउने मेसिन उपलब्ध गराउने उद्योगको नाम टोखा नगरपालिका वडा नं. १ स्थित गुप्तेश्वर साबुन उद्योग हुनु पर्नेमा अन्यथा हुन गएकोले अन्य बिषय साविककै निर्णय बमोजिम हुनेगरी टोखा नगरपालिका वडा नं. १ स्थित गुप्तेश्वर साबुन उद्योगलाई लागत साझेदारीमा सावुन वनाउने मेसिन उपलब्ध गराउन सम्वन्धित उद्योगसंग प्रविधि हस्तान्तरण सम्वन्धी सम्झौता गरी प्रचलित सार्वजनिक खरिद कानुन बमोजिम सावुन वनाउने मेसिन खरिद गरी सम्वन्धित उद्योगलाई खरिद गरिएको मेसिन हस्तान्तरण गर्ने ।</td></tr>
<tr><td>१८</td><td>टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यावसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम 'घ' वर्गको निर्माण व्यावसायी इजाजत पत्र प्रदान गर्ने ।</td><td>
<table>
<tr><th>सि.नं.</th><th>निर्माण व्यावसायीको नाम</th><th>व्यावसाय रहने वडा नं.</th><th>कै.</th></tr>
<tr><td>१.</td><td>मिलनसार कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि</td><td>टोखा न.पा-११</td><td></td></tr>
<tr><td>२.</td><td>तौलेश्वरनाथ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि</td><td>टोखा न.पा १०</td><td></td></tr>
<tr><td>३.</td><td>मनसुन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा न.पा १०</td><td></td></tr>
<tr><td>४.</td><td>चौधरी ग्रुप कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा न.पा ८</td><td></td></tr>
<tr><td>५.</td><td>एन. जि. एस.पोखरी निर्माण सेवा प्रा. लि.</td><td>टोखा न.पा १०</td><td></td></tr>
<tr><td>६.</td><td>थनिका कन्स्ट्रक्सन प्रा.लि.</td><td>टोखा न.पा ९</td><td></td></tr>
<tr><td>७.</td><td>सि.एल.जि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा न.पा १०</td><td></td></tr>
<tr><td>८.</td><td>राज हंस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.</td><td>टोखा न.पा ८</td><td></td></tr>
<tr><td>९.</td><td>एस.आर.पी.इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट प्रा.लि.</td><td>टोखा न.पा ११</td><td></td></tr>
</table>
</td></tr>
</table>

CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १०. | किरण सुरज कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि . | टोखा न.पा ११ | | |
| ११. | क्रसरोडस इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा. लि . | टोखा न.पा ११ | | |
| १२. | प्रगतिशिल बरुण कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | टोखा न.पा ९ | | |
| १३. | तुलजा बिल्डर्स प्रा.लि. | टोखा न.पा ८ | | |
| १४. | दुई भाई निर्माण सेवा प्रा. लि. | टोखा न.पा ८ | | |
| १५. | सन्जन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | टोखा न.पा १० | | |
| १६. | सि.एम.स्टार कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | टोखा न.पा ११ | | |
| १७. | के.टी.एम.रोएल कन्स्ट्रक्सन प्रा.लि. | टोखा न.पा ३ | | |
| १८. | सुवाश कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | टोखा न.पा ७ | | |
| १९. | अन्जन निर्माण सेवा | टोखा न.पा ३ | | |
| २०. | शुभारम्भ कन्स्ट्रक्सन प्रा.लि. | टोखा न.पा ६ | | |
| २१. | दिनेश ग्रिल एण्ड कन्स्ट्रक्सन प्रा.लि. | टोखा न.पा १० | | |
| २२. | प्रियान्सु इन्फ्रास्ट्रक्चर प्रा.लि कन्स्ट्रक्सन प्रा. लि | टोखा न.पा १० | | |
| २३. | बिकिशा कन्स्ट्रक्सन प्रा.लि. | टोखा न.पा ४ | | |
| २४. | बज्र निर्माण सेवा प्रा.लि. | टोखा न.पा ४ | | |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १९ | विविध | १. टोखा नगरपालिकाको ऐतिहासिक सांस्कृतिक पर्व टोखा विष्का:जात्रा २०८१ को उपलक्ष्यमा मिति २०८१ बैशाख ४ गते टोखा नगरपालिका भरी तथा वैशाख ३ गते टोखा नगरपालिका वडा नं. २ र ३ मा स्थानीय पर्वको अवसरमा सार्वजनिक विदा दिने । सो दिन टोखा नगरपालिका, अन्तर्गतका वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु तथा शैक्षिक संस्थाहरु वन्द रहने ।<br>२. टोखा नगरपालिका अन्तर्गत कार्यरत महिला स्वास्थ्य स्वंयम सेविकाहरुलाई अध्ययन अवलोकन भ्रमणको लागि प्रतिव्यक्ति रु. ९ हजारका दरले उपलब्ध गराउने ।<br>३. टोखा नगरपालिका नगरकार्यपालिकाको मिति २०८० फागुन ३० को बैठकले टोखा विष्केट जात्रा २०८१ संचालनको लागि तेह्रौं नगरसभाको सि.नं. २६९ मा विनियोजित रकम मध्येबाट रु १० लाख विनियोजन गरी टोखा संस्कृति संरक्षित क्षेत्र विकास समिति मार्फत कार्यान्वयन गर्ने गरी प्रकृया अगाडि बढाउने निर्णय गरेकोमा सो निर्णय संशोधन गरी उक्त जात्रा संचालन कार्य वडा नं. २ को कार्यालय मार्फत कार्यान्वय गर्ने गरी प्रकृया अगाडि बढाउने ।<br>४. नेवाःदेय् दबू केन्द्रिय कार्यालय, बिजनेश पार्क,बुद्धवारी, टेकु लाई स्मार्ट वोर्ड खरिदका लागि रु ६० हजार सहयोग खर्च शिर्षक नं. ३११२२ मा विनियोजित रकम मध्येबाट उपलब्ध गराउने ।<br>५. उपत्यका व्यापी अन्तर नगरपालिका खुल्ला गोदावरी मेयरकप फुटवल प्रतियोगिता, २०८० मा यस नगरपालिकाको प्रतिनिधित्व सहित सहभागिका लागि नगर खेलकूद समिति तथा शिक्षा युवा तथा खेलकूद शाखा मार्फत खर्च गर्ने गरी तेह्रौं नगरसभाको सि.नं. २६६ मा विनियोजित रकम मध्येबाट रु. ७ लाख विनियोजन गर्ने ।<br>६. ६ नं.वडा कार्यालयको नाममा जडान भएको विद्युत मिटरको साविक बक्यौदा तिर्न बाँकी |

| क्र. सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | विल अनुसारको रकम (जरिवाना वाहेक) तेह्रौं नगरसभाको खर्च शिर्षक नं. २२१११ मा विनियोजित रकम मध्येबाट नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी उपलब्ध गराउने ।<br>७. टोखा नगरपालिका वडा नं. ११ स्थित भण्डारी चोक देखि उदयसमाज चोक ओमशान्ति सामुदायिक भवन निस्कने सडक स्तरोन्नती (ठेक्का नं. 16/NCB/TM/W/2077-78) कार्यको लागि पुष्पान्जली बौडेश्वर जे.भी संग ठेक्का सम्झौता भई २०८०-३-२१ सम्म ७२.२४ प्रतिशत कार्य सम्पन्न भएको र निर्माणस्थलमा ढलको पाईप फेर्ने सम्वन्धी विवादका कारण सम्झौता बमोजिमको परिमाण मध्ये बाँकी कार्य गर्न नसकिएकोले सोहि ७२.२४ प्रतिशत कार्य सम्पादनलाई ठेक्का बमोजिमको कार्य सम्पन्न भएको मानी ठेक्का सम्झौता अन्त्य गर्ने र प्राविधिक मूल्याङ्कन बमोजिमको रकममा नियमानुसार कट्टा गर्नु पर्ने रकम कट्टी गरी तेह्रौं नगरसभाको सि.नं. १०६४ मा विनियोजित रकम मध्येबाट सम्वन्धित निर्माण व्यवसायीलाई भुक्तानी गर्न नगरपालिका प्रशासनलाई निर्देशन दिने ।<br>८. टोखा नगरपालिका वडा नं. ४, साविक धापासी गा.वि.स. वडा नं. १ (ख), कि.नं. ५५, क्षेत्रफल १-१०-०-० को सार्वजनिक जग्गामा वडा नं. ४ को वडा कार्यालयको प्रशासनीक भवन बनाउनको लागि सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्वन्धी कार्यनीति, २०७९ बमोजिम टोखा नगरपालिकाको नाममा लिजमा प्राप्त गर्ने प्रकृया अघि वढाउन जिल्ला प्रशासन कार्यालय लगायत अन्य निकायहरुलाई सिफारिस गर्ने ।<br>९. टोखा नगरपालिका वडा नं. ४, ५ र ६ जोड्ने नेचर क्लवबाट भगवती मन्दिर सम्म एवं तिलिङ्गगाटार हाईटको सडक ओभरले गर्ने कार्यको प्राविधिक शाखाबाट तयार भएको लागत अनुमान रु. ६७ लाख ४८ हजार मध्ये तेह्रौं नगरसभाको सि.नं. २७५ मा विनियोजित रकम मध्येबाट र नपुग रकम आगामी नगरसभाबाट श्रोत सुनिश्चित हुने गरी हाल उक्त सडक ओभरलेको ठेक्का प्रकृया अगाडि बढाउने ।<br>१०. गत आ.व.को जिन्सी निरीक्षण वापतको भत्ता रकम रु १ लाख ८ हजार सम्वन्धित कार्यमा खट्ने कर्मचारीहरुलाई सम्वन्धित शिर्षकबाट उपलब्ध गराउन नगरपालिका प्रशासनलाई निर्देशन दिने ।<br>११. वडा नं. ८ स्थित रमेश वानियाँको घर देखि पूर्व तर्फ ईनार (कुवाँ) हुदै बालुवापाटी निस्कने रिटेनिङ्ग वाल निर्माणकार्यको लागि थप रकम तेह्रौं नगरसभाको सि.नं. २७० मा विनियोजित रकम मध्येबाट व्यहोर्ने गरी रु ८ लाख विनियोजन गर्ने ।<br>१२. वडा नं. १० स्थित रेडक्रस रहेको सामुदायिक भवनमा शहरी स्वास्थ्य केन्द्र स्थानान्तरण एवं संचालनको लागि निर्मित भवन मर्मत कार्यको लागि तेह्रौं नगरसभाको सि.नं. २७० मा विनियोजित रकम मध्येबाट रु ३ लाख विनियोजन गर्ने ।<br>१३. टोखा नगरपालिका वडा नं. २ मा अवस्थित फ्रेडसीप ग्रुप अफ टोखालाई नयाँ बर्षको अवसरमा रचनात्मक एवं अन्य विविध कार्यक्रम संचालन सहयोगार्थ रु. ९५ हजार तेह्रौं नगरसभाको सि.नं. २०७ लक्षित बर्ग शिर्षकमा विनियोजित रकम मध्येबाट भुक्तानी गर्ने गरी विनियोजन गर्ने ।<br>१४. वडा नं. ८ निवासी श्री गोमादेवी कोईरालालाई आर्थिक सहयोग शिर्षकवाट हुने गरी रु. |

CamScanner

| क्र. सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | ३० हजार औषधि उपचार खर्च उपलब्ध गराउने ।<br>१५. वडा नं. ५ को सिफारिस अनुसार तेह्रौं नगरसभाको सि.नं. ६५१ मा विनियोजित रकम मध्येबाट दिपक पनेरुलाई रु ४१४०३/- औषधि उपचार सहयोग उपलब्ध गराउने ।<br>१६. वडा नं. ८ र ११ जोड्ने निर्माणाधिन विष्णुमति पुल देखि जालुपाचोक सम्मको सडकमा हाल मेलम्ची खानेपानी आपूर्तिको लागि पाईपलाईन जडान कार्य सम्पादन भएकोले उक्त सडक मर्मत/ ओभरले कार्यको लागि तेह्रौं नगरसभाको सि.नं. २७५ मा विनियोजित रकम मध्येबाट खर्च गर्ने गरी रु १० लाख विनियोजन गरी सडक कालोपत्रे मर्मत/ ओभरले गर्ने<br>१७. वडा नं. ३ स्थित बखुन्डोल सडक खण्डको दायाँ वायाँ पर्खाल एवं सडक व्यवस्थित निर्माण कार्यको लागि आगामी नगरसभाबाट श्रोत सुनिश्चित गर्ने गरी रु. २० लाख वरावरको निर्माण कार्य स्थानीय उपभोक्ता समिति मार्फत प्रकृया अगाडि बढाउने ।<br>१८. वडा नं. ११ स्थित नारी उत्थान संघ आफन्त टोल महिला समूहको अगुवाईमा यौन तथा प्रजनन् शिक्षा सम्वन्धी जनचेतनामूलक कार्यक्रम संचालनार्थ लक्षित वर्ग शिर्षकबाट हुने गरी रु. ५० हजार विनियोजन गर्ने ।<br>१९. यस नगरपालिकामा Cloth Bank स्थापना गरी संचालनमा आएकोले Cloth Bank Nepal लाई भ्याट वाहेक रु २ लाख २५ हजार सम्वन्धित शिर्षकमा विनियोजित रकम मध्येबाट नियमानुसार भुक्तानी उपलव्ध गराउने ।<br>२०. सूचनाको हक सम्वन्धी अन्तरक्रिया कार्यक्रम विषय विज्ञहरुको सहभागितामा संचालन गर्ने उक्त कार्यको लागि तेह्रौं नगरसभाको सि.नं. २१७ मा विनियोजित रकम मध्येबाट खर्च लेखे ।<br>२१. नगरपालिकाको तेह्रौं/ चौधौं नगरसभाकाट स्वीकृत भएका आयोजना तथा कार्यक्रमहरु समयमानै कार्यान्वयनमा लैजान निर्देशन गर्ने साथै स्थानीय उपभोक्ता समिति/ लाभग्राही समूह मार्फत संचालन हुने आयोजना तथा कार्यक्रमहरु २०८० चैत्र मसान्त भित्र सम्झौता गरी सक्ने गरी मिति २०८० फागुन ३० मा भएको निर्णयलाई पुनरावलोकन गरी सम्झौता गर्ने अवधि २०८१ वैशाख २५ गते सम्म थप गरी सबै सरोकारवालाहरुलाई जानकारी गराउने ।<br>२२. नगरपालिकाको विभिन्न पदाधिकारी/ कर्मचारी/ कार्यालय प्रयोजनमा प्रयोग भै रहेका तपशिल वमोजिमका सवारी साधनहरुको मर्मत संभार वापतको रकम भुक्तानी उपलव्ध गराउने ।<br><table><tr><td>क्र.स</td><td>सवारीको विवरण</td><td>भुक्तानी गर्नु पर्ने रकम</td><td>सवारी प्रयोगकर्ता/ चालक/ मर्मत भएको पार्ट</td></tr><tr><td>१</td><td>वा.२.झ १६५१</td><td>९३४६३/-</td><td>बाबुकाजी श्रेष्ठ</td></tr><tr><td>२</td><td>वा. २ ब २८६४</td><td>१०१००/-</td><td>जगदिश अधिकारी</td></tr><tr><td>३</td><td>वा २ व ३७२७</td><td>६८५०/-</td><td>प्रकाश भण्डारी</td></tr><tr><td>४</td><td>वा २ व २०२२</td><td>४६५०/-</td><td>सीताराम आचार्य</td></tr></table>२३. तेह्रौं नगरसभाको सि.नं. ८०९ मा विनियोजित रकम मध्येबाट वडा नं. ७ स्थित नगरपालिका अगाडिको शिवमन्दिर देखि तारा गुरुङ्को घर सम्मको खानेपानी लाईन |

| क्र. सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
| --- | --- | --- |
| | | विस्तारका लागि कार्यको लागि वडा कार्यालयले काठमाडौं उपत्यका खानेपानी लि.को लागत अनुमान समेत संलग्न गरी कार्यान्वयनको लागि लेखि पठाएकोमा उक्त कार्यको लागि काठमाडौं उयत्यका खानेपानी लि.महाराजगञ्जबाट प्राप्त लागत अनुमान रु.२६२७४४/६७ प्राप्त भएकोले विनियोजित रकम मध्येबाट लागत अनुमान अनुसारको रकम टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी काठमाडौं उपत्यका खानेपानी लि. महाराजगञ्जलाई अनुदान निकासा उपलब्ध गराउने ।<br>२४. वडा नं. ९ को गोगंवु चोक देखि गोगंवु गणेशस्थान हुदै जालुपा चोक सम्मको मूल सडकमा विहान ७ बजे देखि वेलुका ८ बजे सम्म हेभी गाडी (माल वाहक ट्रक, टिपर, पानी ट्याङ्कर) प्रवेश निषेधको लागि नेपाल प्रहरी, ट्राफिक प्रहरी, नगरप्रहरी वल समेतको समन्वयमा सडक प्रवेशको मुख्य मुख्य चोकहरुमा ट्राफिक संकेतहरु/ सूचना बोर्डहरु राखी कार्यान्वयन गर्ने ।ट्राफिक नियम उल्लघंन गरेको पाईएमा पहिलो पटक रु ५ सय, दोश्रो पटक रु १ हजार र सो भन्दा पछि प्रत्येक पटक रु १५ सय जरिवाना तोक्ने ।<br>२५. ११ नं. वडामा संचालन हुने मेयर दीर्घायू निशुल्कः स्वास्थ्य परीक्षण कार्यक्रम संचालनका लागि कार्यालय सहयोगी आवश्यक भएकोले उक्त कार्यक्रममा विनियोजित रकम मध्येबाट कार्यालय सहयोगी प्रथम स्केल वरावरको पारिश्रमिक पाउने गरी श्री दुर्गा खड्का लाई दैनिक ज्यालादारीमा २०८१ असार मसान्त सम्मका लागि काममा लगाउने ।<br>२६. वडा नं. ३ स्थित ईकगलमा पहिरो रोकथाम एवं ढल निकासको लागि आगामी नगरसभाबाट रु १५ लाख बराबरको श्रोत सुनिश्चित हुने गरी हाललाई उपभोक्ता समिति/ स्थानीय लाभग्राही समूहसंग सम्झौता प्रकृया अगाडि बढाउन नगरपालिका प्रशासनलाई निर्देशन दिने ।<br>२७. वडा नं. ३ स्थित झुडोल शिवमन्दिर देखि झुडोल कुवाँ तर्फ जाने सडकमा ग्राभेल/वेस राख्ने कार्यको लागि तेह्रौं नगरसभाको सि.नं. २७० मा विनियोजित रकम मध्येबाट रु ३ लाख ५० हजार विनियोजन गर्ने ।<br>२८. नगरसभाको तेह्रौं अधिवेशनबाट खर्च शिर्षक नं. २२५२२ (कार्यक्रम खर्च)/ तेह्रौं नगरसभाको सि.नं. २८० (लगानी/ रोजगार सम्मेलन) मा विनियोजित रकम मध्येबाट खर्च शिर्षक नं. २२४११ ( सेवा र परामर्श खर्च) मा रु ५ लाख रकमान्तर गर्ने ।<br>२९. टोखा नगरपालिकाको विभिन्न कार्यविधिहरु निर्माणको लागि खर्च शिर्षक नं. २२४११ ( सेवा र परामर्श खर्च) मा विनियोजित रकम मध्येबाट खर्च लेख्ने गरी प्रकृया अगाडि बढाउन नगरपालिका प्रशासनलाई निर्देशन दिने ।<br>३०. यस नगरपालिका क्षेत्रमा पर्ने संघीय सासंद तथा प्रदेश सभा सदस्य सहित टोखा नगरपालिकाका प्रमुख लगायतको सहभागितामा पालिका सवाल मिडिया मार्फत संचालन भएको पालिका सवाल टेलिभिजन कार्यक्रम निर्माण तथा प्रसारण कार्यक्रम सम्पन्न भएकोले पालिका सवाल मिडियालाई नियमानुसारको रकम खर्च शिर्षक नं. २२३१५ मा विनियोजित रकम मध्येबाट भुक्तानी उपलब्ध गराउन नगरपालिका प्रशासनलाई निर्देशन दिने । |

CamScanner

| क्र. सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | ३१. नापी कार्यालय डिल्लीवजार १ नंकाठमाडौं ,नापी टोली टोखा .लाई यस नगरपालिका वडा नं .अन्तर्गतको साविक चण्डेश्वरी वडा नं २ .१ देखि ९ सम्म गत आदेखि पुनः नाप .व. उक्त कार्य सम्पन नक्साको काम शुरुवात भएकोमा ्न नभएकोले बाँकी १५० हेक्टरको नापजाँच गर्न बजेट अभाव रहेकोले बजेट उपलब्ध गराई पाउन पत्राचार भएकोमा उल्लेखित कार्यको लागि टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी नापी कार्यालय डिल्लीवजार १ नंकाठमाडौं ,नापी टोली टोखा .लाई खर्च शिर्षक नं. २६४११ ( सरकारी निकाय,समिति एवं वोर्डहरुलाई निशर्त चालु अनुदान) मा विनियोजित रकम मध्येबाट रु १५ लाख अनुदान निकासा उपलव्ध गराउने ।<br>३२. टोखा नगरपालिका वडा नं. ६ मा बालबालिकाको लागि आवधिक लगानी योजना (आ.व. २०८० -२०८४) स्वीकृत गरी योजना कार्यान्वय प्रकृया अगाडि बढाउने ।<br>३३. चौधो Nepal Bridal Make-Up Competiton को कार्यक्रम संचालन गरे वापत गोगंवुँ व्यूटीपार्लर ट्रेनिङ्ग सेन्टरलाई लक्षित वर्ग कार्यक्रम शिर्षकबाट हुने गरी रु ७० हजार भुक्तानी उपलब्ध गराउने ।<br>३४. मगर उत्थान समाज आत्मिनिर्भर तालिम( मखमलको जुत्ता,थैलो,झोला आदि निर्माण तालिम ) संचालनको लागि रु १ लाख लक्षित वर्ग शिर्षकबाट उपलव्ध गराउने ।<br>३५. वडा नं. ६ स्थित कुंवर कोलनीको उत्तरतर्फको सार्वजनिक जग्गा संरक्षणको लागि तेह्रौं नगरसभामा विनियोजित प्रतिजग्गा संरक्षण शिर्षकमा विनियोजित रकम मध्येबाट रु ७ लाख विनियोजन गर्ने ।<br>३६. नगरपालिका क्षेत्रमा रहेका एसईई दिई वसेका वालवालिकाहरुलाई भोकेस्नल तालिम संचालनको लागि रु ५ लाख तेह्रौं नगरसभाको सि.नं. ११६ मा विनियोजित रकम मध्येवाट विनियोजन गरी कार्यक्रम संचालन गर्ने ।<br>३७. सहिद आदर्श क्याम्पस, काठमाडौंको १८ औं स्थापना दिवसको उपलक्ष्यमा प्रकाशित सहिद आदर्श क्याम्पस स्मारिका- २०८० मा टोखा नगरपालिकाको तर्फवाट शुभकामना सन्देश प्रकाशन गरे वापत नगरसभावाट सि.नं. २२३१५ (पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च) शिर्षकमा विनियोजित रकम मध्येवाट उक्त क्याम्पसलाई रु. २०,०००।— भुक्तानी उपलव्ध गराउने ।<br>३८. टोखा नगरपालिका वडा नं. १ स्थित झोरमहाँकाल खानेपानी उपभोक्ता समिति लाई नगरपालिकामा दर्ता गरी उपभोक्ता समिति दर्ता प्रमाणपत्र जारी गर्न नगरपालिकाको सामाजिक समावेशीकरण शाखालाई निर्देशन दिने । |
| २१ | नयाँ वर्ष २०८१ को शुभकामना सम्वन्धमा | बिक्रम सम्वत २०८१ को नयाँ वर्षको पावन अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण टोखा नगरवासी एवं नेपाली दाजुभाई तथा दिदी वहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने । |

CamScanner